**कावासोती नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

कावासोती, नवलपरासी(ब.सु.पू.)

**कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रणका लागि विपत व्यवस्थापन समितिको बैठकबाट भएका प्रस्ताव तथा निर्णयहरु विवरण**

**मितिः २०७७/१/१४**

१. यस कावासोती नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट कोरोना भाइरस (COVID-19) संङ्क्रमण, नियन्त्रण तथा उपचारका लागि सहयोग पुर्याउन स्थापना गरेको विपद व्यवस्थापन कोषमा आजको मितिमा प्राप्त रकम तथा जिन्सी सामानहरुको विवरण निम्नानुसार रहेको भनि निर्णय पारित गरियो ।

| क्र.स. | सहयोग पुर्याउनुहने संस्था/व्यक्तीको विवरण | रकम | जिन्सी | प्याकेज | कैफियत |
|---|---|---|---|---|---|
| १ | बेस नेपाल | १०,०००।- | ० | ० | सम्बन्धित संस्था बाट कोषमा जम्मा गरिएको |
| आजको जम्मा | | १०,०००।- | ० | ० | |

२. विश्वव्यापी महामारीको रुपमा रहेको कोरोना भाइरसको कारण नेपाल सरकार बाट जारी लकडाउनको समयमा यस कावासोती नगरपालिका घर भई अध्ययन अध्यापन, औषधि उपचार, विभिन्न पेशा व्यवसाय, रोजगार तथा अन्य विभिन्न कामको सिलसिलामा काठमाण्डौ र पोखरामा रहनु भएका कावासोती नगरवासी प्रति यस नगरपालिका तथा समिति बाट गम्भिर ध्यानाकर्षण तपशिलका शर्तहरु पालना गर्ने गरि कावासोती नगरपालिका बाट सुचना प्रकाशित गरि देहायका व्यक्तीहरुबाट नामावली संकलन गर्ने निर्णय गरियो ।

**तपशिलः**

- ✓ कावासोती नगरपालिका बाट व्यवस्थापन गरिएको क्वारेन्टाइनमा १४ दिन सम्म बस्नुपर्ने वा सम्बन्धित व्यक्तीहरु घरकै क्वारेन्टाइनमा बस्न चाहेमा सम्बन्धित वडाका वडाअध्यक्ष र परिवारको सदस्यको रोहवरमा घरपरिवारको जिम्मामा मात्र पठाउने ।
- ✓ क्वारेन्टाइनमा बसिरहदा क्वारेन्टाइनका नियमहरु पालना गर्नुपर्ने ।
- ✓ काठमाण्डौ र पोखरा बाट ल्याइएका सबै व्यक्तीहरुलाई RDT परिक्षण गरि मात्र पठाउने ।

**नामावली संकलनका लागि सम्पर्क गर्नुपर्ने देहायका व्यक्तीहरुको विवरण:**

- **पोखराका लागि:**
  - देव नारायण महतो – १५ नं वडा अध्यक्ष – ९८०४४९६०९०
  - हेमु पाण्डे- ६ नं वडा अध्यक्ष – ९८५६०२७७९७
  - सालिकराम कोइराला- ९८५७०४१४८५
  - श्रीराम सिक्देल – ९८५७०४०५०९
- **काठमाण्डौका लागि:**
  - सारदा अधिकारी- ११ नं वडा अध्यक्ष- ९८५७०४१४८३
  - लक्ष्मी पौडेल- २ नं वडा अध्यक्ष – ९८५७०४०७११
  - राम कुमार श्रेष्ठ-९८४७१७०४११
  - सागर पोख्रेल – ९८५७०४०४२८

३. निर्णय नं २ अनुसार काठमाण्डौ र पोखरामा लकडाउनको समयमा समस्यामा परेका व्यक्तीहरुलाई यस कावासोती नगरपालिका सम्म लिएर आउनका लागि यस विशम घडीमा मानवताको नाताले सहयोग स्वरुप गाडीको व्यवस्था नवलपुर लेकबेसी यातायात प्रा.ली.ले गर्ने र आवश्यक पर्ने इन्धन, पानी, मास्क, स्यानीटाइजर, थर्मल गन, न.पा. बाट लिन जाने व्यक्तीलाई खाना र नास्ताको व्यवस्था तथा सवारी चालकको लागि प्रति टिप रु १८००।– र

सह-चालकको लागि प्रति टिप रु १२००।– का दरले भत्ता कावासोती नगरपालिकाबाट उलब्ध गराउने निर्णय गरियो।

४. यस कावासोती नगरपालिका भित्रका उद्योग र कलकारखानाको हकमा मात्र लकडाउनको समयमा कामदार/श्रमीकका लागि राहत वितरण गर्न कुनै संस्था/व्यक्तीले चाहेको खण्डमा सो संस्था/व्यक्तीले नगरपालिका सङ्ग वितरण गर्ने राहत खाधान्नको यथार्थ विवरण सहित समन्वय गरि आवश्यक राहत सामाग्री न.पा.मा दाखिला गरि उद्योग/कलकारखाना लाई राहत वितरणको व्यवस्था मिलाउने भनि निर्णय गरियो।

५. निर्यण नं ४ अनुसार यूथ क्लब नारायणगढको च.न. ११३/२०७६/०७७ को पत्रबाट प्राप्त तपशिलमा उल्लेखित राहत सामाग्रीहरु यस कावासोती नगरपालिका वडा नं १४ अवस्थित कावासोती ईट्टा उद्योग प्रा.ली. कावासोती, डण्डामा कार्यरत १३४ जना मजदुरहरु र उनिहरुका ३० जना बालबालिका गरि जम्मा १६४ जनालाई राहत वितरण गर्ने भनि निर्णय पारित गरियो।

**तपशिलः**

| **क्र.स.** | **खाधान्नको विवरण** | **जम्मा राहत परिमाण** | **कैफियत** |
|---|---|---|---|
| १ | चामल | ४८० के.जी. | |
| २ | दाल मसुरो | ६० किलो | |
| ३ | नुन | ३५ पोका | |
| ४ | खाने तेल | ४० लि. | |
| ५ | मसला | ३५ पोका | |
| ६ | आलु | १४० किलो | |
| ७ | सोयाबिन मस्यौरा | ३५ किलो | |
| ८ | विस्कुट | २१० पिस | |